# नेपाली काङ्ग्रेस पार्टीमा दलित समुदायको प्रतिनिधित्व
## (१४ औं महाधिबेशनको केन्द्रीय तह एक अध्ययन)

**जीवन परियार**
jeevan.ncjgs@gmail.com

## लेखसार

नेपालको जनगणना २०७८अनुसार दलितको जनसङ्ख्या १३.८ प्रतिशत छ। नेपाली काङ्ग्रेस पार्टी प्रजातन्त्रमा विश्वास गर्ने भएकोले उक्त पार्टीले दलित समुदायको प्रतिनिधित्व कसरी गर्दैआएको छ भन्ने कुरा पत्ता लगाउन । राज्यबाट बलपूर्वक पछाडि पारिएका लाखौं दलित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गरी देश विकास कसरी गर्न सकिन्छ भन्ने उद्देश्य राखिएको छ। आजको २१ औं शताव्दीमा नेपालमा मानिस मानिसकाबिच जातीय आधारमा विभेद र छुवाछूत विद्यमान भएकोले पार्टीले कसरी दलित समुदाय माथि गरिएको विभेद हटाउन कस्तो नीति लिएको छ। पार्टीमा स्थापनादेखि हालसम्म भएको दलित समुदायको प्रतिनिधित्वलाई दलित समुदायले कसरी लिएको छ। पार्टीमा दलित समुदायको प्रतिनिधित्वको एक अध्ययन सामग्री तयार हुनेछ। पार्टीको आदर्श, नीति र सिद्धान्तबमोजिम पार्टीमा दलित समुदायको प्रतिनिधित्वको अध्ययन हुनेछ। पार्टीमा दलित समुदायको प्रतिनिधित्वले उक्त समुदायको आत्म सम्मान, सामाजिक प्रतिष्ठा र राज्यको समग्र विकासमा कस्तो प्रभाव छ भन्ने जानकारी हुने । पार्टीमा दलित समुदायको प्रतिनिधित्वले उक्त समुदायका व्यक्तिहरूमा पारेको प्रभावबारे जानकारी हुने । पार्टीलाई दलितमैत्री बनाउन के गर्नुपर्दछ भन्नेबारे महत्त्वपूर्ण निष्कर्ष निस्कने छ।

**शब्दकुञ्जी** : दलित, समानुपातिक, समावेशी, लोकतन्त्र, समाजवाद

## विषयप्रवेश

विश्वेश्वरप्रसाद कोइरालाले पटनाबाट प्रकाशित हुने द सर्च लाईट पत्रिकामार्फत भारतमा भएका नेपालीलाई सँगठित गर्ने उद्देश्ले २००३ कार्तिक १५ अर्थात् १९४६ को अक्टोबर ३१ मा बनारसको दूध बिनायक स्थित नरेन्द्र रेग्मीको घरमा प्रजातन्त्रवादी नेपालीहरूको एउटा गोष्ठीले बि.पी. कोइरालाको संयोजक रही सुब्बा देवीप्रसाद सापकोटाको अध्यक्षतामा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस नामको सङ्गठन निर्माण भएको थियो । २००३ साल माघ १२ र १३ गते कलकत्तामा श्री विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली राष्ट्रिय काङ्ग्रेसको पहिलो अधिबेशन सम्पन्न भएको थियो । नेपाली काङ्ग्रेस पार्टी नेपालको सन्दर्भमा एक ऐतिहासिक राजनीतिक दल हो। वि.सं. २००५ सालमा सुवर्ण शमशेरको अगुवाइमा श्री महेन्द्र विक्रम शाहको नेतृत्वमा नेपाल प्रजातन्त्र काङ्ग्रेस स्थापना भयो त्यसपछि २००६ सालमा दुबै पार्टीबिच एकता भइ नेपाली काङ्ग्रेस पार्टी गठन भएको पाइन्छ (बस्नेत, २०६६, पृ. ५५) । पार्टीको उद्देश्य भनेको नेपालको राजनीतिमा सयौं वर्षदेखि जहानियाँ राणाशासनले हुकुमी शासन सञ्चालन गरेको अवस्थाको विरुद्ध एकतावद्ध भइ प्रजातन्त्र स्थापना गर्ने थियो । प्रजातन्त्रको स्थापनापछि मात्रै प्रजातान्त्रिक समाजवादको स्थापना गर्न सकिन्छ भन्ने मान्यता बी. पी. कोइरालाको रहेको थियो। राणाशासन कालमा सम्पूर्ण अधिकार परिवारवादमा

थियो। समाजमा उचनिचको भावना व्यापक थियो एक हिसाबले भन्नुपर्दा समाजमा छुवाछूतको भावना व्यापक थियो। त्यस्तो परिवारवादका विरुद्ध संघर्ष गर्न जनतालाई अधिकार सम्पन्न बनाई प्रजातान्त्रिक प्रणालीमा देश विकास गर्ने मुख्य उद्देश्य राखि यो पार्टी स्थापना भएको पाइन्छ।

नेपाली काङ्ग्रेस जस्तो प्रजातान्त्रिक पार्टीको निर्माण हुनमा बलियो पृष्ठभूमिका रूपमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन हुनु पनि महत्त्वपूर्ण आधार मानिएको छ। नेपाली काङ्ग्रेस पार्टीको स्थापना पश्चात् सम्पूर्ण नेपाली नागरिकले आफू स्वतन्त्र भएको महसुस गरेका हुन्। त्यसैले भन्न सकिन्छ सम्पूर्ण नागरिक जब स्वतन्त्र हुन्छन् तब मात्रै राज्यमा सम्पूर्ण नागरिकको समान प्रतिनिधित्व कायम हुन्छ। राणाशासनको विरुद्धमा लड्न गोपालप्रसाद भट्टराईको विशेष प्रेरणामा कलकत्ताका चेतनशील तरुणहरूले 'गोरखा दुःख निवारण संघ'को गठन गरेका थिए। त्यसमा सक्रियताका साथ संलग्न रहनेहरू थिए रुद्रप्रसाद गिरी, धनमान सिंह परियार, देवव्रत परियार, डी. के. शाही, डी.एन. प्रधान र सूर्यमान वान्तवा। (बस्नेत, २०६६, पृ.५९) नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप, नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना)। नेपाली काङ्ग्रेसको स्थापना हुनुभन्दा अगाडि नै यस्तो किसिमको समावेशीता हुनुले नेपाली काङ्ग्रेसको स्थापना कालदेखि नै दलितको प्रतिनिधित्व भएको रहेछ भन्ने कुरा स्पष्ट हुन आउँछ। यही पृष्ठभूमिलाई आधार मान्दै हालै सम्पन्न भएको नेपाली काङ्ग्रेसको चौधौं महाधिवेशनमा केन्द्रीय पदाधिकारीसम्म नै दलितको प्रतिनिधित्व सहजै भएको पाइन्छ। यी यावत किसिमका तथ्यहरूको आधारमा कुरा गर्ने हो भने नेपाली काङ्ग्रेसको इतिहासदेखि नै दलित समुदायको प्रतिनिधित्व हुँदैआएको पाइन्छ।

प्रजातान्त्रिक समाजवादको जगमा निर्माण भएको नेपाली काङ्ग्रेस पार्टीले आफ्नो स्थापना कालदेखि नेपालको जातीय परिवेश सुहाउँदो समावेशीकरण प्रक्रियालाई अवलम्बन गर्दैआएको छ। वि. सं. २००३ सालदेखि २०७८ सालसम्म आइपुग्दा नेपाली काङ्ग्रेसले १४ वटा अधिवेशन सम्पन्न गरिसकेको छ। यस अध्ययनमा खासगरी नेपाली काङ्ग्रेसको चौधौं महाधिवेशनमा पार्टीको केन्द्रीय तहमा दलितको प्रतिनिधित्व के कसरी भएको छ भन्ने कुरा उल्लेख गर्न खोजिएको छ।

## अध्ययन विधि

यो अनुसन्धान नेपाली काङ्ग्रेस पार्टीको चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्व बारेमा जानकारी प्राप्त गर्न र दलित समुदायलाई नेपाली काङ्ग्रेस पार्टीले कसरी सहभागी गराउँदै आएको छ भन्ने राजनैतिक अवस्थाको सम्बन्धमा अन्वेषणात्मक तथा गुणात्मक विधि प्रयोग गरिनेछ। यसका निम्ति समाजका विभिन्न सामाजिक र राजनीतिक व्यक्तित्त्वलगायत विभिन्न पेसा, समुदाय, वर्गका व्यक्तिहरूसँग सहयोग लिइएको छ। अध्ययनको विषयसँग सम्बन्धित आवश्यक तथ्य तथा सूचनाहरू संकलन गर्न प्राथमिक र द्वितीय दुवै सूचनाका स्रोतहरू प्रयोग गरिएको छ। प्राथमिक स्रोतहरूमा प्रत्यक्ष भेटघाट, कुराकानी अन्तर्वार्ता आदिजस्ता विधिहरू प्रयोग गरिएको छ। द्वितीय स्रोतअन्तर्गत, पत्रपत्रिका, पुस्तक प्रतिवेदन, शोधपत्र विभिन्न संघ संस्थाका वेभसाइट आदिको प्रयोग गरिएको छ। यस अनुसन्धानलाई अगाडि बढाउन प्राथमिक स्रोतको रूपमा नेपाली काङ्ग्रेसका नेता कार्यकर्तालगायत विशेष गरी दलित समुदायबाट प्रतिनिधित्व गर्ने नेता कार्यकर्ताहरूसँग वार्ता, छलफल तथा परामर्श गरिएको छ। नेपाली काङ्ग्रेस पार्टीको इतिहास र निर्माणको आधार उल्लेख गरिएका पुस्तकहरू, पार्टीका आधिकारिक दस्तावेज र घोषणापत्रहरूलगायत विभिन्न वेभसाइटहरूमा उल्लेख गरिएका विषयवस्तुहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ।

**समावेशीकरण** :

समावेशीकरणको सामान्य अर्थ समावेश गरिनु वा समाहित गराउनु भन्ने बुझिन्छ तर समावेशीकरणले यो भन्दा ठुलो महत्त्व राख्दछ । आजभोलि समावेशीकरण शब्द राजनीतिक प्रणालीसँग आबद्ध भएको छ । समावेशीकरणले सबैको समावेशीतामा जोड दिन्छ । "समावेशी" भन्नाले सबै जातजाति, समुदाय, लिङ्ग, क्षेत्रको प्रतिनिधित्वलाई जनाउनेछ । यसले नेपालको संविधानले प्रतिनिधित्व सुनिश्चित गर्न उल्लेख गरेको विविध समद्रदायको प्रतिनिधित्व गर्ने व्यवस्थालाईसमेत बुझाउनेछ । "महिला", "दलित", "आदिवासी जनजाति", "खसआर्य", "मधेशी", "थारु", "मुस्लिम", "अल्पसंख्यक", "अपाङ्गता", "पिछडिएको क्षेत्र" भन्नाले (पार्टीको विधान र यस नियमावलीबमोजिम पार्टीमा प्रतिनिधित्व गर्ने प्रयोजनका लागि) तत् तत् समद्रदायबारे प्रचलित नेपाल कानुनले परिभाषित गरेबमोजिम बुझिनेछ ।
(नेपाली काङ्ग्रेसको नियमावली, २०७६ पृ. १) ।

राज्यको मूलधारमा समावेश हुन नसकेका विभिन्न वर्ग, समुदाय, जात, जाति, सम्प्रदाय, धर्म, लिङ्ग र भाषा भाषिका व्यक्तिहरूलाई राज्यको मूल धारमा समावेश गरी शक्ति स्रोत र अवसरमा प्रत्यायोजित समझदारी सुनिश्चित गर्नुलाई समावेशीकरण भनिन्छ। राज्यभित्र रहेका सम्पूर्ण नागरिकको सुनिश्चितता कायम गर्ने असल माध्यम समावेशीकरण हो । समावेशीकरणको माध्यमबाट कुनै पनि नागरिकलाई राज्यको मूलधारमा आउन बञ्चित गरिने छैन भन्ने मूल मान्यताको आधारमा नेपाली काङ्ग्रेस पार्टीले पनि यो सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ।

नेपालको संविधानको भाग २७ धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ। दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गर्ने जिम्मा उक्त आयोगको रहेको छ। संविधानमा संवैधानिक अङ्गको रूपमा गरिएको यस व्यवस्थाले राज्यका हरेक तह र तप्कामा दलितको सहभागिता सुनिश्चित गरेको छ। यही सुनिश्चिततासँगै नेपाली काङ्ग्रेस पार्टीले पनि आफ्नो विधानमा दलितको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ। सामान्य प्रतिनिधित्व मात्रै होइन नेपाली काङ्ग्रेस पार्टीको पदाधिकारीमा पनि दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ । नेपाली काङ्ग्रेस पार्टीले गरेको उक्त व्यवस्थाले शासकीय तहमा पनि दलितको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। राजनीतिक पार्टी भनेका सार्वजनिक विषयवस्तु उठाउने निकाय हुन् । त्यसैले सार्वजनिक महत्त्वको विषयमा आवाज उठाउने ठाउँमा पनि दलित समुदायको प्रतिनिधित्वको सुनिश्चितता नेपाली काङ्ग्रेस पार्टीले गरेको छ भन्न सकिन्छ । नेपालको संविधान र नेपाली काङ्ग्रेसको विधानले गरेको व्यवस्थाको आधारमा नेपाली काङ्ग्रेसले आफ्नो १४ औँ महाधिवेशन सम्पन्न गरिसकेको छ। काङ्ग्रेसले पार्टीलाई समावेशी बनाउनका लागि पदाधिकारी तथा केन्द्रीय सदस्यमा समावेशी पदको व्यवस्था गरेको छ। समावेशीकरणसँगै प्रतिनिधित्वको पनि कुरा उठ्ने गर्दछ। पार्टीको राजनीतिक संरचनामा दलित समुदायको सहभागिताका लागि समानुपातिक प्रतिनिधित्व अनिवार्य हुनुपर्दछ

**समावेशी प्रतिनिधित्वको उद्भव र विकास** :

विभेदका कारण पछाडि पारिएका वा पछि परेका लिङ्ग, वर्ग र समुदायका नागरिकलाई राज्यको नीतिनिर्माण र शासन प्रकृयामा सहभागी गराउनका लागि राज्यले गरिएको विशेष व्यवस्थालाई समावेशीकरण हो । सन् १९९७ मा ग्रीक दार्शनिक टाकिस फोटोपाउलसले समावेशी शब्दलाई लोकतन्त्रसँग जोडेका थिए । उनको प्रख्यात कृति 'टुवार्ड इण्ड इनक्लुसिभ डेमोक्रेसी'मार्फत यसको वकालत गरेको हुन् । (स्रोत : https://www.

prasashan.com) समावेशी राज्य स्थापना गर्ने बलियो आधारको रूपमा यो अवधारणाको विकास भएको हो। दक्षिण अफ्रिकामा शताब्दीऔंको उपनिवेशपछि २७ अप्रिल १९९४ को समावेशीकरणको नीति अवलम्बन गरेको पाइन्छ। (स्रोत : नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण : दक्षिण अफ्रिकी अनुभव) आफनो देशका सम्पूर्ण नागरिकको शासकीय तहमा समान प्रनिधित्व गराउन दक्षिण अफ्रिकाले यो नीति लिएको पाइन्छ। त्यसैगरी भारतमा सन् १९१६ मा बेलाईती उपनिवेशी सरकारद्वारा दक्षिण भारतमा आम भारतीयहरूका लागि आरक्षणको अभ्यास सुरु गरेको थियो। त्यसपछि सन् १९२१ देखि दलित र मुस्लिम समुदायका लागि प्रदान गर्न थालिएको थियो। (स्रोत : नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण : भारतीय अनुभव) भारतले अवलम्बन गरेको समावेशिताको नीति हेर्दा दलित समुदायलाई विशेष प्राथमिकता दिएको पाइन्छ। भारतमा सन् १९१६ देखि हालसम्म एक सय वर्षभन्दा बढी समय अभ्यासमा समावेशीकरणको नीति नेपालका लागि पनि सान्दर्भिक र उचित रहेको छ।

नेपालमा समावेशीकरणका सम्बन्धमा वि. सं. २०४६ सालको परिवर्तन पश्चात् केही आवाजहरू उठेको पाइन्छ। खास गरी वि. सं. २०६२/०६३ सालको जनआन्दोलन पश्चात् नेपालको अन्तरिम संविधान २०६३ ले समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने व्यवस्था उल्लेख गरेसँगै समावेशीताले पूर्णता पाएको छ। (स्रोत : नेपालको अन्तरिम संविधान) अन्तरिम संविधानले गरेको यस व्यवस्थाका आधारमा वि. सं. २०६४ सालमा सम्पन्न भएको संविधान सभाको पहिलो निर्वाचनमा समावेशीकरणको व्यवस्था उपयोग गरिएको थियो। त्यसपछि अहिलेसम्मका सबै निर्वाचनमा समवेशीताको नीति अवलम्बन गरिँदै आएको छ। वि. सं. २०६४ साल साउन २३ गते नेपाल सरकारले निजामति सेवा ऐन २०४९ संशोधन गरी समावेशी नीतिको व्यवस्था गरेको थियो। (स्रोतः समावेशिताको वहस, समावेशीकरणको यात्रा) निजामति सेवा ऐनमा गरिएको यस व्यवस्थाले पनि दलित समुदायको प्रतिनिधित्व कर्मचारीतन्त्रमा गरिदै आएको छ।

नेपालको संविधानले पनि समावेशीतामा जोड दिएको छ। संविधानको प्रस्तावनादेखि मौलिक हकको व्यवस्था हुँदै संघ, प्रदेश र स्थानीय तहमा समावेशिताको आधारमा व्यवस्थापिका र कार्यपालिकामा दलितको सहभागितासम्बन्धी व्यवस्था गरेको छ। समावेशी शासन विधिको अभ्यास नेपालमा करिब २० वर्ष पूरा भइसकेको अवस्था छ। राज्यको संवैधानिक, कानुनी, नीतिगत र अन्य प्रावधानको अनुसरण गर्दै नेपाली काङ्ग्रेस पार्टीले पनि समावेशीकरणको नीति आफनो विधानमा अवलम्बन गरेको छ। विधानमा गरिएको यस व्यवस्थाले गर्दा नेपाली काङ्ग्रेस पार्टीले आफ्नो केन्द्रदेखि, प्रदेश र जिल्ला हुँदै स्थानीय तहसम्म दलित समुदायको प्रतिनिधित्वमा जोड दिएको छ। खास गरी यस अनुसन्धान कार्यमा नेपाली काङ्ग्रेस पार्टीको चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्वसम्बन्धी अध्ययन गरिने भएकाले केन्द्रीय समितिमा दलित समुदायको प्रतिनिधित्वमा यो अध्ययन कार्य केन्द्रित रहेको छ।

**समानुपातिक प्रतिनिधित्व :**

अल्पसङ्ख्यक, सीमान्तकृत एवम् वहिष्करणमा परेका समुदायलाई राज्य निर्माणको मूल धारमा ल्याउने उपर्युक्त माध्यमलाई समानुपातिक प्रतिनिधित्व भनिन्छ। समानुपातिक प्रतिनिधित्वमा जातीय, वर्गीय, लैंगिक, भौगोलिक जनसङ्ख्याको अनुपातको आधारमा सहभागिता जनाइन्छ। जातीय प्रतिनिधित्वले सम्पूर्ण जातिको सहभागितामा जोड दिएको हुन्छ।

राज्यको सम्पूर्ण निकायमा विभिन्न जातजाति वर्ग, समुदायलाई सम्बन्धित वर्ग, समुदायको सङ्ख्याका आधारमा

सहभागी गराउने कार्य समानुपातिक प्रतिनिधित्व हो । राजनीतिक पार्टी पनि राज्यको सञ्चालनमा सहभागी हुने महत्त्वपूर्ण संयन्त्र हो । त्यसकारण भन्न सकिन्छ कि कम जनसङ्ख्या भएका नागरिकको सहभागिताका लागि सर्वप्रथम राजनीतिक पार्टीले आफ्नो संरचनामा समाहित गराउनु जरुरी हुन्छ । उदाहरणका लागि नेपाली काङ्ग्रेस पार्टीले दलित समुदायको प्रतिनिधित्व पार्टीको प्रतिनिधिमा स्थापना कालदेखि नै गराउँदै आएको पाइन्छ । समानुपातिक प्रतिनिधित्व समावेशीकरणको एक प्रमुख अस्त्र हो । यो बढी मात्रामा राजनीतिक क्षेत्रमा प्रचलित छ किनभने राज्यको नेतृत्व तहमा पुऱ्याउने माध्यम भनेकै राजनीति हो । त्यसकारण राज्यको नेतृत्व तहमा पुऱ्याउने माध्यम राजनीति भएकोले नेपालको राजनीतिक पार्टी नेपाली काङ्ग्रेसमा समानुपातिक प्रतिनिधित्व हुँदैआएको छ ।

## जातीय भेदभाव र छुवाछूत हटाउने नीति

त्यसैगरी वि. सं. २००९ साल जेठ १० देखि १२ गतेसम्म जनकपुरमा नेपाली काङ्ग्रेसको पाँचौ महाधिवेशन सम्पन्न भएको थियो । यस महाधिवेशनले नै दलितहरूलाई भेदभाव गर्न वा जातीय विभेद नगर्न र नगराउने निर्णय गरेको कुराले नेपाली काङ्ग्रेस पार्टी समावेशी त हो नै व्यावहारिक रूपमा दलित समुदायप्रति आस्थाभाव राख्ने प्रजातान्त्रिक संस्कार भएको पार्टी हो भन्न सकिन्छ । बी.पी. कोइरालाको सामाजिक रूपान्तरणको वैचारिक नेतृत्वले नेपाली काङ्ग्रेस पार्टीले समाजको रूपान्तरण र विकास गर्न सम्भव छ भन्ने मान्यता स्थापित गराउन सशक्त ढंगले "जातिपाति मान्दैनौं" "छुवाछूत जान्दनौं" : "सँगै बसौंसँगै खाऔं, भात भताहाको खुशी" भन्ने नारासहित सामाजिक अभियानका रूपमा कार्यक्रम बनाई सञ्चालन गर्न नेपाली काङ्ग्रेस पार्टी पूर्णतः प्रतिबद्ध छ । त्यसका साथै दलित समुदायमा रहेको कला र सिपको सम्मान गर्दै, उक्त पेसा व्यवसायलाई समयानुकूल आधुनिकीकरण गरी जीवनस्तर वृद्धि गर्ने कार्यमा थप भूमिका निर्वाह गर्ने सङ्कल्प नेपाली काङ्ग्रेसले गरेको छ ।

## साहित्यको समीक्षा

नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप पुस्तकमा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना २००३ साल र नेपाल प्रजातन्त्र काङ्ग्रेसको गठन शीर्षक अन्तर्गत वि. सं. २००५ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेसको गठन भइ यसको प्रथम अधिवेशन सम्पन्न भएको कुरा उल्लेख गरिएको छ । पार्टीको एकीकरण शीर्षकअन्तर्गत २००६ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेसका सभापति मातृकाप्रसाद कोइराला र नेपाल प्रजातन्त्र काङ्ग्रेसका सभापति महेन्द्र विक्रम शाहको संयुक्त वक्तव्यले यी दुई पार्टीको एकीकरण हुने कुरा निश्चित गरिएको थियो । पार्टीका सबै नेताहरूको छलफलपछि दुवै पार्टीको एकीकृत नाम नेपाली काङ्ग्रेस राखियो । उक्त पार्टीको सदस्यमा देवव्रत परियार र आर वि गहतराज (विश्वकर्मा)जस्ता व्यक्तिको सहभागिता हुनुले नेपाली काङ्ग्रेस पार्टीको स्थापना कालदेखि नै दलित समुदायको प्रतिनिधित्व रहेको कुरा स्पष्ट हुन जान्छ ।

नेपाली काङ्ग्रेस, गोरखा : विगतदेखि वर्तमानसम्म (किरणबाबु श्रेष्ठ, २०६८, नेपाली काङ्ग्रेस, गोरखा) भन्ने पुस्तकमा २०१६ सालको देशघाती कदमपछि भारत निर्वासनमा रहनुहुने कार्यकर्ताहरूको नामावली हेर्दा दलसिंह कामी पनि रहेका छन् । देशघाती कदमका विरुद्ध लड्ने कार्यकर्ताहरूमा यी व्यक्ति दलित समुदायबाट प्रतिनिधित्व गर्नुले यो देशमा प्रजातन्त्र ल्याउनमा दलित समुदायको महत्त्वपूर्ण योगदान रहेको छ भन्न सकिन्छ ।

समावेशिताको बहस नामक पुस्तकमा समावेशीता र आरक्षणबारे मुख्य बहस शीर्षकअन्तर्गत विभिन्न देशले विभेद तथा बहिष्करणलाई सम्बोधन गर्दै, असमान सामाजिक धरातललाई सबैका लागि समान बनाउन सकारात्मक उपाय तथा आरक्षण नीति अवलम्बन गर्दै आएका छन् । यसको प्रभाव नेपालमा पनि परेको

पाइन्छ। यही प्रभावका कारण नेपालले पनि सम्पूर्ण जातजातिलाई राज्यका हरेक अङ्गमा सहभागी गराउने नीति लिएको छ। नेपालको जनसङ्ख्याको करिब १३.८ प्रतिशत रहेको दलित समुदायको प्रतिनिधित्व गराउनका लगि विभिन्न नीति लिएको पाइन्छ। ती नीतिहरू मध्ये एक नीति हो समावेशीकरण नीति। समावेशीकरण नीतिले अवलम्बन गरेको मान्यताको आधारमा नेपाली काङ्ग्रेस पार्टीले पनि आफ्नो कार्यसमितिमा पदाधिकार ीसम्म दलित समुदायको प्रतिनिधित्व गराएको पाइन्छ।

नेपाली काङ्ग्रेस र दलित पुस्तकमा नेपाली काङ्ग्रेसको पाँचौं महाधिवेशन शीर्षकअन्तर्गत पाँचौं महाधिवेशन वि.सं. २००९ जेष्ठ १० गतेदेखि जनकपुरमा प्रारम्भ भयो र बीपी. कोइरालाको नेतृत्वमा १६ सदस्यीय कार्यसमिति निर्माण गरिएको छ। सभापति बी.पी. कोइरालाले उक्त कार्यसमितिको दोस्रो बरियताको पदमा महामन्त्रीमा श्री धनमानसिंह परियारलाई मनोनित गर्नुभयो। सभापतिपछिको महत्त्वपूर्ण पद महामन्त्रीमा धनमानसिंह परियार निर्वाचित हुनुले वितगदेखि नै दलित समुदायको प्रतिनिधित्व नेपाली काङ्ग्रेस पार्टीमा हुँदैआएको छ भन्न सकिन्छ।

## नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)

नेपाली काङ्ग्रेसका तत्कालीन केन्द्रीय सदस्य, संसदीय दलका नेता तथा प्रधानमन्त्री श्री शेरबहादुर देउवालाई पार्टीबाट साधारण सदस्य नरहनेगरी पार्टीले निस्काशन गरेपश्चात् २०५९ असोज ६ मा नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) स्थापना भएको थियो। यो पार्टीले एघारौं महाधिवेशनबाट समावेशिताको नीति अंगिकार गरेको पाइन्छ। उक्त पार्टीको एघारौं महाधिवेशनबाट विधानतः समावेशिताको नारा पारित गर्दै (कदमजम) कर्णाली, दलित, मधेशी, जनजाति र महिला भन्ने नारासहित केन्द्रीय समितिले समावेशिताको एजेण्डा पारित गरेको पाइन्छ। वि. सं. २०६४ मा पार्टी एकता पश्चात् महासमितिको भेला गरी समावेशीतासहितको विधान पारित भइ बाह्रौं महाधिवेशनमा वडा तहदेखि केन्द्रीय तहसम्म समावेशीतासहितको निर्माण भएको पाइन्छ। यो व्यवस्था नेपाली काङ्ग्रेसको विधान २०६४ मा गरेको पाइन्छ।

## नेपाली काङ्ग्रेसको पछिल्लो विधानमा समावेशिता

नेपाली काङ्ग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यावहारिक र वैज्ञानिक बनाउन वाञ्छनीय भएकोले, २०७५ मंसिर २८ गतेदेखि पौष ८ गतेसम्म काठमाण्डौमा सम्पन्न नेपाली काङ्ग्रेसको महासमितिको बैठकबाट केन्द्रीय कार्यसमितिलाई प्रत्यायोजित अधिकारबमोजिम महासमितिको बैठकमा प्राप्त सुझाव समेतका आधारमा केन्द्रीय कार्यसमितिको २०७५ फाल्गुण १२ गतेको बैठकबाट स्वीकृत भइ संशोधनसहित नेपाली काङ्ग्रेसको विधान २०७६ लागु भएको छ। यस विधानले गरेको व्यवस्थाका आधारमा नेपाली काङ्ग्रेसको केन्द्रीय समिति १६८ सदस्यीय हुने व्यवस्था छ।

सभापतिसहित १४ सदस्यीय पदाधिकारीमा करिब ७ प्रतिशत अर्थात् एक जना दलित समुदायबाट सहमहामन्त्री निर्वाचित अनिवार्य रूपमा हुने व्यवस्था यही विधानमा गरिएको छ। त्यसैगरी नेपाली काङ्ग्रेसको केन्द्रीय समितिमा केन्द्रीय सदस्यहरूमा दलित समुदायबाटै ५ जना खुल्ला र ४ जना महिलासहित ९ जना निर्वाचित हुने व्यवस्था नेपाली काङ्ग्रेसको विधान २०७६ ले गरेको छ। यस अध्ययनमा दलित समुदायको प्रतिनिधित्वलाई विशेष उल्लेख गर्न खोजिएकोले विधानले दलित समुदायको प्रतिनिधित्वलाई कसरी सुनिश्चित गरेको छ भन्ने कुरा उल्लेख गरिएको छ (स्रोत : नेपाली काङ्ग्रेसको विधान २०७६)।

## पार्टीमा समावेशी प्रतिनिधित्वको ऐतिहासिक पक्ष

नेपाली काङ्ग्रेस पार्टीभित्र दलित समुदायको प्रतिनिधित्व यो पार्टीको स्थापना कालदेखि नै हुँदैआएको पाइन्छ। राष्ट्रियता, लोकतन्त्र, समाजवादलाई आफ्नो मूल आदर्श ठान्ने पार्टी नेपाली काङ्ग्रेसले आफ्नो स्थापना कालदेखि नै दलित समुदायको प्रतिनिधित्व गर्दैआएको कुरा वि. सं. २००३ साल माघ १२ देखि १३ गतेसम्म सम्पन्न नेपाली काङ्ग्रेसको पहिलो अधिवेशनबाट निर्मित निम्नबमोजिमको समितिले पुष्टि गर्दछ।

१. सभापति, श्री टंकप्रसाद आचार्य (नेपाल जेलमा) २. कार्यकारी सभापति, श्री विश्वेश्वरप्रसाद कोइराला ३. मन्त्री, श्री बालचन्द्र शर्मा ४.प्रकाशन विभाग अध्यक्ष, श्री डा. डिल्लीरमण रेग्मी ५. सङ्गठन मन्त्री श्री कृष्णप्रसाद उपाध्याय भट्टराई ६. प्रचार र सङ्गठन सदस्य, श्री देवव्रत परियार ७. सदस्य, श्री डि.एन. प्रधान ८. सदस्य, श्री गोपालप्रसाद उपाध्याय भट्टराई ९. सदस्य, श्री लाक्पा छिरिङ्ग शेर्पा १०. सदस्य, श्री रुद्रप्रसाद गिरी

(स्रोत : नेपाली काङ्ग्रेस महाधिवेशन विशेष २००३-२०७२ पेज नं. १७५ महाधिवेशनले निर्वाचित गरेको कार्यसमिति)

प्रथम महाधिवेशनबाट निर्मित यस्तो किसिमको कार्यसमितिको प्रचार र सङ्गठन सदस्यमा श्री देवव्रत परियार मनोनित हुनुले नेपाली काङ्ग्रेस पार्टीको निर्माण कालदेखि नै दलितको प्रतिनिधित्व हुँदैआएको छ भन्न सकिन्छ। यसरी सबै जातजातिको प्रतिनिधित्व हुनुले नेपाली काङ्ग्रेस पार्टी स्थापना कालदेखि नै समावेशी पद्धतिलाई अनुसरण गर्दैआएको पार्टी हो भन्न सकिन्छ।

नेपाली काङ्ग्रेसको दोश्रो महाधिवेशन २००४ सालमा सम्पन्न गर्नका लगि बीपीले बोलाएको भेलामा सहभागी केन्द्रीय नेताहरूमध्ये देवव्रत परियारको पनि उपस्थिति रहेको पाइन्छ। त्यसैगरी नेपाली काङ्ग्रेसको पाँचौं महाधिवेशन वि. सं. २००९ साल जेठ १० गते जनकपुरमा सम्पन्न भएको थियो उक्त अधिवेशनबाट विपी कोइराला सभापतिमा निर्वाचित हुँदा धनमानसिंह परियार महामन्त्रीमा मनोनित हुनुले नेपाली काङ्ग्रेस पार्टीको पदाधिकारीमा अर्थात् दोस्रो तहको शक्तिशाली नेतृत्वमा दलित समुदायको प्रतिनिधित्व हुनुले नेपाली काङ्ग्रेस पार्टीमा प्रारम्भदेखि नै दलित समुदायको प्रतिनिधित्व हुँदैआएको छ भन्न सकिन्छ। (स्रोतः नेपाली काङ्ग्रेसको महाधिवेशन, विशेष)

नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना (२००५ पौष १५ कलकत्ता स्थित महावीर शम्शेरको टाईगर सिनेमा हलमा प्रथम अधिवेशन सम्पन्न भएको थियो। उक्त अधिवेशनद्वारा गठित समिति निम्नबमोजिम रहेको छ :

१. सभापति, श्री महेन्द्रविक्रम शाह २. महामन्त्री, श्री सूर्यप्रसाद उपाध्याय ३. कोषाध्यक्ष, श्री राजेश्वरीप्रसाद उपाध्याय ४.सहायक महामन्त्री, श्री प्रेमबहादर कंसाकार ५. सदस्य, श्री सुवर्णशम्शेर राणा ६. सदस्य, श्री महावीर शम्शेर राणा ७. सदस्य, श्री सुन्दरराज चालिसे ८. सदस्य, श्री लक्ष्मीदत्त उपाध्याय ९. सदस्य, श्री भीमभक्तमान सिंह बस्नेत १०. सदस्य, श्री आर. बी. गहतराज(विश्वकर्मा) ११. सदस्स, श्रीमती माया शाह १२. सदस्य, श्री बाबुलाल मोक्तान। (स्रोतः नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप, नेपाल प्रजातन्त्र काङ्ग्रेसको गठन, पेज नं. १०५)

गठित समितिमा सहभागी भएका सम्पूर्ण पदाधिकारीको विवरण हेर्दा नेपाली काङ्ग्रेस पार्टी स्थापना कालदेखि नै समावेशी पार्टी हो भन्ने कुरा पुष्टि हुन्छ। यस किसिमको समावेशीताले गर्दा नेपाली काङ्ग्रेस पार्टीले सबै वर्ग, समुदाय र लिङ्गको प्रतिनिधित्व आफनो स्थापना कालदेखि गर्दैआएको छ भन्न सकिन्छ।

## १४ औं महाधिवेशनको नीतिगत व्यवस्था

नेपाली काङ्ग्रेसको १४ औं महाधिवेशनमा क्रियाशील सदस्य सङ्ख्या झण्डै ८,७०,७८० छ भने दलित समुदायको क्रियाशील सङ्ख्या ४५,१६३ रहेको छ। (स्रोतः नेपाली काङ्ग्रेस, केन्द्रीय कार्यालय) पार्टीको महाधिवेशनमा महाधिवेशन प्रतिनिधि ४५ सयको हाराहारीमा छन्। महाधिवेशनबाट दलित समुदायको प्रतिनिधित्व पार्टीको केन्द्रीय समितिमा सदस्यदेखि सहमहामन्त्रीसम्म हुनु र सबै वर्ग समुदाय, लिङ्गको प्रतिनिधित्व पार्टीको स्थापना कालदेखि हालसम्म १४ वटा महाधिवेशन सम्पन्न गर्दा समावेशी सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात गरेको छ भन्न सकिन्छ। त्यसैगरी काङ्ग्रेसले आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, अल्पसंख्यक र अपांगता भएका व्यक्तिमध्येबाट पनि महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुने व्यवस्था सुनिश्चित गरेको छ।

नेपाली काङ्ग्रेसको विधानमा प्रत्येक तहमा ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ। नेपाली काङ्ग्रेसले समावेशीतालाई वैधानिक रूपमाा आत्मसाथ गरेको छ। नेपाली काङ्ग्रेस पार्टीले आफ्नो विधानमा **दलित, महिला, आदिवासी जनजाति, खसआर्य, मधेसी, मुस्लिम, थारु र पिछडिएको क्षेत्र**बाट सहमहामन्त्री निर्वाचित हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। (स्रोतः नेपाली काङ्ग्रेसको विधान २०१७ संशोधनसहित, पृ ६०)।

समावशिताको सिद्धान्तअनुसार केन्द्रीय समिति निम्नअनुसार गठन हुने व्यवस्था नेपाली काङ्ग्रेसको विधानले गरेको छ :

सभापति १, उपसभापति २, महामन्त्री २ निर्वाचित। सहमहामन्त्रीहरूमा : दलित, महिला, आदिवासी जनजाति, खसआर्य, मधेसी, मुस्लिम, थारु र पिछडिएको क्षेत्रबाट १/१ जना गरी ८, निर्वाचित हुने व्यवस्था छ। कोषाध्यक्ष सभापतिबाट निर्वाचित सदस्य मध्येबाट मनोनित हुनेछन्। अधिकांश केन्द्रीय सदस्यहरू पनि समावेशीताकै आधारमा निर्वाचित हुने र ३३ जना समावेशीको आधारमा मनोनयन गर्ने प्रावधान छ। जसअनुसार खुलातर्फ प्रत्यक्ष ३५ जना निर्वाचित, महिला प्रत्यक्ष निर्वाचित ९ जना। एक महिलासहित प्रत्येक प्रदेशबाट तीन/तीन जनाका दरले २१ जना, दलितबाट ४ महिलासहित ९ जना, आदिवासी जनजातिमा ७ महिलासहित १५ जना, खस आर्यबाट ६ महिलासहित १३ जना, मधेसीबाट ४ महिलासहित ९ जना, थारुबाट २ महिलासहित ४ जना, मुस्लिमबाट १ महिलासहित ३ जना, पिछडिएकोबाट १ जना, अल्पसङ्ख्यकबाट १ र अपाङ्गताबाट १ जना गरी १२१ जना सदस्य निर्वाचित तथा सभापतिले समावेशीका आधारमा ३३ जना सदस्य मनोनयन गर्ने व्यवस्था छ। (स्रोतः प्रशिक्षण पुस्तक नेपाली काङ्ग्रेसका लागि वैचारिक आधार र https://www.nepalicongress.org/)

## १२ औं र १३ औं महाधिवेशनमा नीतिगत व्यवस्था र दलित समुदायको प्रतिनिधित्व :

नेपाली काङ्ग्रेसको बाह्रौं महाधिवेशनमा ८५ जनाको केन्द्रीय कार्यसमितिमा वैधानिकरूपमा दलित समुदायबाट २ जना महिलासहित जम्मा ५ जना प्रत्यक्ष निर्वाचित र एक जना मनोनित गरी ६ जनाको प्रतिनिधित्व केन्द्रीय समितिमा भएको पाइन्छ। निर्वाचित सदस्यहरू निम्नअनुसार रहेका छन् :

१. मानबहादुर विश्वकर्मा (अर्घाखाँची) २. मीनबहादुर विश्वकर्मा (सुनसरी) ३. जीवन परियार (कास्की)
४. सुजाता परियार (इलाम) ५. कविता कुमारी सरदार (मोरङ)

त्यसैगरी काङ्ग्रेसको सभापतिबाट मनोनित एक जना प्रतापराम लोहार (कञ्चनपुर) गरी ६ जनाको प्रतिनिधित्व केन्द्रीय समितिमा हुनुले नेपाली काङ्ग्रेस पार्टीमा दलित समुदायको प्रतिनिधित्व हुँदैआएको छ । (स्रोत : https:www.nepalicongress.org)

तेह्रौं महाधिवेशनमा ८५ जनाको केन्द्रीय कार्यसमितिमा वैधानिकरूपमा दलित समुदायबाट २ जना महिलासहित जम्मा ५ जना प्रत्यक्ष निर्वाचित र एक जना मनोनित गरी ६ जनाको प्रतिनिधित्व केन्द्रीय समितिमा भएको पाइन्छ ।

निर्वाचित सदस्यहरू निम्नअनुसार रहेका छन् :
१. जीवन परियार (कास्की) २. मानबहादुर विश्वकर्मा (अर्घाखाँची) ३. मीनबहादुर विश्वकर्मा (सुनसरी) ४. सुजाता परियार (इलाम) र ५. लक्ष्मी परियार (उदयपुर) निर्वाचित हुनुभएको थियो । त्यसैगरी मनोनित गर्नुपर्ने एक दलित कार्यकाल भरि मनोनित नगरेको देखिन्छ ।

## चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्व :

नेपाली काङ्ग्रेस पार्टीको २०७८ साल मङ्सिर २४ देखि २६ गते १४ औं महाधिवेशनमा सम्पन्न भएको छ । महाधिवेशनमा पार्टीलाई समावेशी बनाउनका लागि पदाधिकारी तथा केन्द्रीय सदस्यमा समावेशी पदको व्यवस्था गरेको छ । नेपाली काङ्ग्रेसले महाधिवेशन प्रतिनिधिमा १६५ निर्वाचन क्षेत्रबाट कम्तीमा एक दलित समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेको अवस्था छ । १४ औं महाधिवेशनदेखि पार्टीको केन्द्रीय समिति सभापतिसहित १६८ जना पदाधिकारी सदस्य हुने व्यवस्था रहेको छ । सभापतिसहित १४ सदस्यीय पदाधिकारीमा करिब ७ प्रतिशत अर्थात् एक जना दलित समुदायबाट सहमहामन्त्री निर्वाचित भइसक्नुभएको छ । दलित समुदायबाट ९ जना केन्द्रीय सदस्य जसमा ५ जना खुल्ला र ४ जना दलित महिलाबाट निर्वाचित भएका छन् । त्यसैगरी सभापतिले २ जना दलित समुदायबाट मनोनित गर्नुभएको छ । महाधिवेशनबाट सहमहामन्त्री, केन्द्रीय सदस्य सम्मका निर्वाचित र मनोनित सदस्यहरूको नामावली यसप्रकार रहेको छ :

१) **सहमहामन्त्री : जीवन परियार (पदाधिकारी तहमा निर्वाचित)**

## केन्द्रीय सदस्यहरू :

१) मानबहादुर नेपाली (निर्वाचित) २) प्रकाश रसाइली स्नेही (निर्वाचित) ३) सुजाता परियार (निर्वाचित) ४) लक्ष्मी परियार (निर्वाचित) ५) हरिशरण नेपाली (निर्वाचित) ६) नृपबहादुर वड (निर्वाचित) ७) मैकुलाल वाल्मीकि (निर्वाचित) ८) शान्ति परियार वि. क. (निर्वाचित) ९) रूपा वि. क. (निर्वाचित) १०) मीनबहादुर विश्वकर्मा (मनोनित) ११) मानबहादुर विश्वकर्मा (मनोनित)
(स्रोत : https:www.nepalicongress.org)

दलित समुदायबाट यो उपस्थिति हुनु भनेको आफैमा सकारात्मक अवस्था हो किनभने राज्यको शासकीय तहमा पुऱ्याउने माध्यम भनेका राजनीतिक पार्टी नै हुन् । पार्टीको नीतिनिर्माणको थलो केन्द्रीय कार्यसमितिमा सशक्त आवाज उठाउन यी केन्द्रीय पदाधिकारी सदस्यको महत्त्वपूर्ण भूमिका रहनुपर्दछ जसले पार्टीलाई बलियो र सशक्त बनाउन भूमिका खेल्दछ । पार्टीको विधानमा भएको व्यवस्थाअनुसार संविधानको अनुशरण गरी नेपाली काङ्ग्रेस पार्टीमा दलित समुदायको समावेशी प्रतिनिधित्व गराउने अभिभारा नेपाली काङ्ग्रेसको रहेको छ ।

## अध्ययनको उपलब्धी

नेपाली काङ्ग्रेस पार्टीको चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्व शीर्षकबारे अध्ययन तयार गर्दा नेपाली काङ्ग्रेस पार्टीभित्र दलित समुदायको प्रतिनिधित्व केकति भएको छ भनेर सङ्ख्यात्मक र तथ्यगत रूपमा कस्तो उपलब्धि भयो भन्ने कुरा यसप्रकार छ।

क) नेपाली काङ्ग्रेसले चौधौं महाधिवेशनबाट निर्वाचित गरेको केन्द्रीय समितिमा सभापतिसहित १४ सदस्यीय पदाधिकारीमा करिब ७ प्रतिशत अर्थात् एक जना दलित समुदायबाट सहमहामन्त्री निर्वाचित भएको।

ख) दलित समुदायबाट ९ जना केन्द्रीय सदस्य जसमा ५ जना दलित खुला र ४ जना दलित महिलाबाट निर्वाचित भएको।

ग) दलित समुदायभित्र एक जनामात्र मधेशी दलित (मैकुलाल वाल्मीकि) निर्वाचित भएको पाइन्छ। यो अत्यन्तै कम प्रतिनिधित्व हो। बाँकी सबै पहाडी मूलका दलितको प्रतिनिधित्व रहेको छ।

घ) राज्यको हरेक संरचनामा दलित समुदायको प्रतिनिधित्व गराउने सवालमा नेपाली काङ्ग्रेसको केन्द्रीय समितिका रहेका दलित समुदायका पदाधिकारी र सदस्यज्यूहरूले विशेष पहल गर्नुपर्ने देखिन्छ।

ङ) विगतको इतिहासलाई सम्झेर वर्तमान समाजको आवश्यकताको आधारमा नेपाली काङ्ग्रेस पार्टीको मूल्य मान्यतामा परिवर्तन गरी सबै समुदायको उचित समावेशीतामा जोड दिनुपर्ने आवश्यकता देखिन्छ।

## निष्कर्ष

नेपाली काङ्ग्रेस लोकतान्त्रिक पार्टी हो जसमा नेपालका सम्पूर्ण वर्ग समुदायको प्रतिनिधित्व रहेको छ। प्रस्तुत अध्ययनमा मुख्य रूपले पार्टीको केन्द्रीय तहमा दलित समुदायको प्रतिनिधित्व केकति रहेको छ भन्ने कुरालाई प्राथमिकतामा राखिएको छ। यस अध्ययनबाट नियाल्दा दलित समुदायको प्रतिनिधित्व नेपाली काङ्ग्रेस पार्टीको केन्द्रीय समितिमा सन्तोषजनक रहेको छ। राज्यको शासकीय तहमा सबै वर्ग समुदायको प्रतिनिधित्व गराउने माध्यम भनेको संघ, प्रदेश र स्थानीय तहको निर्वाचन प्रक्रिया नै हो। त्यसैले निर्वाचन प्रक्रियामा जाने माध्यम भनेको राजनीतिक पार्टी नै हुन्। समावेशिताको सिद्धान्तको दृष्टिकोणबाट यस अध्ययनको विश्लेषण गर्ने हो भने नेपालको दलित समुदायको जनसङ्ख्याको आधारमा नेपाली काङ्ग्रेस पार्टीले चौधौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा दलित समुदायको उचित प्रतिनिधित्व गराएको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

## सन्दर्भ सामग्री

पोखेल, कृष्ण, (२०७० आधुनिक राजनीतिक सिद्धान्त) काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स, २०७०।

कोइराला, विश्वेश्वरप्रसाद, जेल जर्नल, ललितपुर : जगदम्बा प्रकाशन प्रा. लि., २०६३।

पोखेल, कृष्ण, प्रमुख संसदीय र गैर संसदीय प्रणाली, काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स, २०७१।

बस्नेत, पुरुषोत्तम, नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप, ललितपुर : बगलामुखी अफसेट प्रेस, कुपण्डोल, २०६६।

विश्वकर्मा, मानबहादुर, नेपाली काङ्ग्रेस र दलित, काडमाडौँ : अन्नपूर्ण अफसेट प्रेस लाजिम्पाट, २०६७ ।

केवल, मेदिनीकुमार, नेपाली काङ्ग्रेस दशा र दिशा, काठमाडौँ : बालाजी प्रिन्टर्स एन्ड ट्रेडर्स, कमलपोखरी, २०६६ ।

दर्नाल, लक्ष्मण, संविधानसभामा दलित मुद्दा, काठमाडौँ : नेपाल क्रियटिभ हाउस अनामनगर, २०७२ ।

सुनाम रमेश, समावेशिताको बहस, ललितपुर : समता फाउण्डेसन, २०७४ ।

किसान, यमबहादुर, नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण, अवधारण, अनुभव र उपादेयता, ललितपुर : समता फाउण्डेसन, २०७३ ।

घिमिरे, परशु र घिमिरे, विन्दुकान्त, नेपाली काङ्ग्रेस महाधिवेशन विशेष, काठमाडौँ :तरुण प्रकाशन प्रा. लि.अनामनगर, २०७३ ।

परियार, जीवन, त्रिविवि स्नात्तकोत्तर राजनीतिशास्त्रको शोधपत्र (नेपाली काङ्ग्रेस पार्टीको तेहौंदेखि चौधौं महाधिवेशनमा दलित समुदायको प्रतिनिधित्व : एक अध्ययन २०७८)

श्रेष्ठ, किरणबाबु, नेपाली काङ्ग्रेस गोरखा : विगतदेखि वर्तमानसम्म

नेपाली काङ्ग्रेसको विधान, २०१७ (संशोधनसहित)

नेपाली काङ्ग्रेको नियमावली, २०७६

नेपाली काङ्ग्रेस महासमितिको बैठक(२०७५ मङ्सिर २८ पुस ८) द्वारा पारित राजनीतिक प्रस्ताव, महामन्त्रीको प्रतिवेदन, कोषाध्यक्षको आर्थिक प्रतिवेदन र आर्थिक नीति प्रस्ताव

सत्ता (विमर्श र दलित (अम्बेडकर : दृष्टिकोण र विवेचना)

सङ्घर्षमा सभासद् (संविधानमा दलित अधिकार)

निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

समता नीतिपत्र ४, २०६९, संघीयता र दलित सत्ता

https://www.prasashan.com

www.nepalicongress.org